व्यास नगर कार्यपालिकाको २०० औं बैठक आज मिति २०८१/८/७ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मन बहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री विष्णु कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्ण प्रसाद न्यौपाने | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दल बहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेत बहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री काशीराम गैरे | उपस्थित |
| का.वा. अध्यक्ष, व्यास ९ | - श्री उमा आचार्य | उपस्थित |
| का.वा. अध्यक्ष, व्यास ७ | - श्री सुवास वाग्ले | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |
| सहायक प्रशासकीय अधिकृत | - श्री भेषराज तिवारी | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१ : मिति २०८१/७/२६ गते भएको कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२ : मिति २०८१/८/७ गते भएको प्रथम चौमासिक सार्वजनिक सुनुवाईको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.३ : वातावरणमैत्री घर निर्माणको प्रस्तावित कार्यविधि सम्बन्धमा ।
प्रस्ताव नं.४ : रिक्त दरबन्दीमा शिक्षक व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.५ : व्यास नगरपालिकाको जग्गा वर्गीकरणको परामर्शदाताबाट भएको प्रगति विवरण सम्बन्धमा ।
प्रस्ताव नं.६ : व्यास नगरपालिका कृषक समूह गठन तथा व्यवस्थापन कार्यविधि, २०८१ सम्बन्धमा ।
प्रस्ताव नं.७ : व्यास नगरपालिकाको प्रवक्ता सम्बन्धमा ।
प्रस्ताव नं.८ : विश्व बैंङ्कको सहयोग निर्माणाधिन पराशर मार्गको प्रगति सम्बन्धमा ।
प्रस्ताव नं.९ : ४२ औं नगर सभाको मिति तय गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१०: १६ दिने महिला हिंसा विरुद्धको अभियान सम्बन्धमा ।
प्रस्ताव नं.११: अन्तर्राष्ट्रिय अपाङ्गता दिवस मनाउने सम्बन्धमा ।
प्रस्ताव नं.१२: विभिन्न योजना शीर्षकहरु परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.१३: व्यास नगरपालिका वडा नं.३ देउरालीनगर जाने बाटो विस्तार सम्बन्धमा ।
प्रस्ताव नं.१४: विपद्जन्य कार्यमा बजेट विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.१५: तारजाली वितरण अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.१६: तनहुँ महोत्सव सम्बन्धमा ।
प्रस्ताव नं.१७: पदपूर्ति समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.१८: पशुपंक्षीजन्य औषधी खरिद सम्बन्धमा ।
प्रस्ताव नं.१९: व्यास नगरपालिका निर्माण व्यवसायी इजाजत पत्र नियमित गर्ने कार्यविधि सातौं संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.२०: प्राङ्गरिक खेती तथा जैविक पाठशाला कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.२१: मनसुनी वर्षाका कारणले घर पूर्ण क्षति भएकोमा लाभग्राही कायम भएको सम्बन्धमा ।
प्रस्ताव नं.२२: वि.पि.वन वाटिकामा रहेको शौचालय सम्बन्धमा ।
प्रस्ताव नं.२३: युवा परिषद् गठन सम्बन्धमा ।
प्रस्ताव नं.२४: अत्यावश्यक विभिन्न कार्यमा विनियोजन सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा व्यास नगर कार्यपालिकाको मिति २०८१/०७/२६ को बैठकका निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुदाँ मिति २०८१/८/७ गते दिउँसो नगरपालिकामा भएको प्रथम चौमासिक तथा बहुउद्देश्यीय भवन निर्माण सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित भई सहभागिता जनाउनु हुने गण्डकी प्रदेश सभाका मा. सांसद श्री अशोक कुमार श्रेष्ठ, जिल्ला समन्वय समिति, तनहुँका उपप्रमुख श्री वासुदेव थापा, राष्ट्रिय मान्यता प्राप्त तनहुँ जिल्ला स्थित राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, तनहुँ उद्योग वाणिज्य संघ र दमौली बजार इकाईका प्रमुख एवं प्रतिनिधिहरु, टोल विकास संस्थाका प्रमुख एवं प्रतिनिधिहरुको सहभागिता र जिज्ञासाका लागि हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो । साथै सार्वजनिक सुनुवाई संयोजन गर्न सहयोग पुऱ्याउने पत्रकार महासंघ, तनहुँ शाखाका पदाधिकारी सदस्यहरु, नगर विकास कोषका प्रतिनिधि र श्री नविन तिवारीलाई समेत धन्यवाद ज्ञापन गरिन्छ । नगरपालिका विभिन्न गतिविधिहरु खास गरी वेरुजु फछ्र्यौट, कृषि व्यवसायीलाई प्रोत्साहन गर्नुपर्ने, सार्वजनिक जमिनको संरक्षण गर्नुपर्ने, बहुउद्देश्यीय भवन निर्माण सम्बन्धमा प्राप्त सुझावहरुलाई क्रमश: पालना गर्दै जाने प्रतिवद्धता गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा विद्यमान मौसम परिवर्तनलाई ध्यान दिई वातावरणमैत्री घर निर्माण सम्बन्धी विल्डिङ्ग इनर्जी इफिसियन्सी इन नेपाल (BEEN) बाट प्रस्तावित कार्यविधि अध्ययन गरी आगामी नगर सभा अगाडी घर नक्सा शाखाको राय परामर्श लिई पेश गर्न विधायन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत विभिन्न कारणले रिक्त रहेका विभिन्न तहका शिक्षक दरबन्दीमा तल लेखिए बमोजिम आन्तरिक कामकाजमा खटाउने र सरुवा विज्ञापन अनुमती अनुमोदन वा अनुमती प्रदान गर्ने निर्णय गरियो ।

**(क) कामकाजका लागि आन्तरिक व्यवस्थापन :**

| क.सं. | शिक्षकको नाम थर | तह श्रेणी र विषय | शि. सिटरोल नं. | हाल कार्यरत विद्यालय | काम काजमा खटाइएको विद्यालय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री दिपक न्यौपाने | नि.मा.वि. द्वितीय गणित | 129354 | श्री चण्डिदेवी रा.मा.वि. व्यास १० | श्री पराशर मा.वि. व्यास ५ | समान तह र विषयका शिक्षक स्वेच्छिक अवकास भई रिक्त रहेको दरबन्दीमा स्थानान्तरण |
| २ | श्री सुनिता तिवारी | प्राथमिक तृतीय | 202014 | जनजुक्त शाही मा.वि. व्यास ५ | सत्यवती मा.वि. व्यास २ | सत्यवती मा.वि.मा रिक्त रहेको समान तहको दरबन्दीमा |
| ३ | श्री सुरेन्द्र पण्डित | प्राथमिक तृतीय | 198258 | श्री जनकल्याण प्रा.वि.,व्यास ११ | श्री सत्यवती मा.वि. व्यास २ | सत्यवती मा.वि.मा रिक्त रहेको समान तहको दरवन्दीमा |
| ४ | श्री प्यारी परियार | प्राथमिक तृतीय | 198202 | श्री बालकल्याण प्रा.वि.व्यास १३ | श्री सिद्धेश्वरी मा.वि.व्यास १२ | बालकल्याण प्रा.वि. व्यास १३ प्राथमिक तह रिक्त १ |
| ५ | श्री शर्मिला खनाल सिग्देल | प्राथमिक तृतीय | | श्री पद्म प्रा.वि. व्यास ५ | श्री उदय मा.वि. व्यास ५ | उदय.मा.वि.मा रिक्त रहेको समान तहको दरबन्दीमा स्थानान्तरण |
| ६ | श्री संगिता श्रेष्ठ | प्राथमिक तृतीय | 198330 | श्री अमृत आ.वि. व्यास ६ | श्री पद्म प्रा.वि. व्यास ५ | अमृत आ.वि. व्यास ६ मा प्राथमिक तह रिक्त १ |
| ७ | श्री निर्मला पुरी | प्राथमिक तृतीय | 207780 | श्री अमृत आ.वि. व्यास ६ | श्री जलदेवी मा.वि व्यास १ | जलदेवी मा.वि.मा रिक्त रहेको समान तहको दरबन्दीमा स्थानान्तरण |
| ८ | श्री सुस्मिता अधिकारी बाँनिया | प्राथमिक तृतीय | 203963 | श्री इन्दु मा.वि व्यास ६ | श्री जनकल्याण प्राथमिक विद्यालय व्यास ११ | सिद्धेश्वरी मा.वि.मा रिक्त रहेको समान तहको दरबन्दीमा स्थानान्तरण |

**(ख) सरुवा विज्ञापन अनुमति अनुमोदन वा सरुवा अनुमति :**

| क.सं | विद्यालयको नाम | तह र श्रेणी | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | चण्डिदेवी रा.मा.वि.व्यास १० | नि.मा.वि. गणित | १ | पराशर मा.वि.को रिक्त दरबन्दी |
| २ | चण्डिदेवी रा.मा.वि.व्यास १० | प्रा.वि. | १ | राजिनामा गरी रिक्त दरबन्दी |
| ३ | जनजुक्त शाही मा.वि. व्यास ५ | प्राथमिक/तृतीय | १ | सत्यवती मा.वि.को रिक्त दरबन्दी |
| ४ | बालकल्याण प्रा.वि. व्यास १३ | प्राथमिक/तृतीय | १ | सिद्धेश्वरीमा.वि.को रिक्त दरबन्दी |
| ५ | अमृत आ.वि. व्यास ६ | प्राथमिक/तृतीय | २ | जलदेवी मा.वि र उदय मा.वि.को रिक्त दरबन्दी |
| ६ | इन्दु मा.वि. व्यास ६ | प्राथमिक/तृतीय | १ | सत्यवती मा.वि.को रिक्त दरबन्दी |
| ७ | बेनिमित्र प्रा.वि व्यास १३ | प्राथमिक/तृतीय | १ | सिद्धबेनी मा.वि.को रिक्त दरबन्दी |
| ८ | सहजीवन प्रा.वि. व्यास ८ | प्राथमिक/तृतीय | १ | सोही विद्यालयमा रिक्त रहेको दरबन्दी |
| ९ | सिद्धबेनी मा.वि. व्यास १३ | प्राथमिक/तृतीय | १ | विशेष कक्षातर्फको रिक्त स्रोत शिक्षकको दरवन्दीमा |

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्रका जग्गाहरु वर्गीकरण गर्नका लागि नियुक्त परामर्शदाताबाट भएका कार्यहरुको प्रगति विवरण बैठकमा जानकारी प्राप्त भयो बाँकी कार्य सम्पन्न गरी २०८१ मंसिर भित्र प्रतिवेदन बुझाउन सम्बन्धित परामर्शदातालाई निर्देशन दिने र संयोजन गर्न घर नक्सा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा "व्यास नगरपालिका कृषक समूह गठन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१" विद्यमान समिति मार्फत बैठकमा पेश हुँदा संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाका प्रवक्ता वडा नं.६ का अध्यक्ष श्री जीवनकुमार गुरुङ्गले प्रवक्ताको हैसियतले पुऱ्याउनु भएको सहयोग एवं भूमिकाका लागि धन्यवाद ज्ञापन गर्दै आगामी कार्यकालका लागि व्यास नगरपालिका वडा नं.९ का अध्यक्ष सुरेश थापालाई प्रवक्ता मनोनयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा शहरी शासकीय कार्यक्रम अन्तर्गत विश्व बैंङ्को सहयोगमा निर्माणाधिन घाँसीकुवा - बेलटारी - फराकचौर-अँधेरीभञ्ज्याङ्ग-समता विद्यालय-कलेस्ती जोड्ने पराशर मार्गको निर्माण सम्पन्न गर्नुपर्ने मिति २०८२ आषाढ मसान्त भएकोमा निर्माण व्यवसायीबाट कामको गति ढिला हुन गई जम्मा ४२७ कार्यदिनमा १९० दिन समाप्त हुँदा जम्मा ४.३०% मात्र निर्माण प्रगति देखिएकाले उक्त निर्माण कार्यलाई समयमै सक्ने गरी निर्माण प्रकृयामा गति दिन सम्बन्धित निर्माणको जम्मा पाएको BKHTDCL-ACPL JV लाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको ४२ औं नगर सभा मिति २०८१/९/२६ गते शुक्रबार नगरपालिका सभाकक्षमा बस्ने गरी आवश्यक व्यवस्था मिलाउन सभाका सदस्य सचिवलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा यस वर्षको अन्तर्राष्ट्रिय महिला हिंसा अन्त दिवसको १६ दिने कार्यक्रम मिति २०८१/८/१० देखि २०८१/८/१० देखि २०८१/८/२५ सम्म (२५

नोभेम्बर-१० डिसेम्बर २०२४) 'Every" minutes-, A woman killed. No Excuses. Unite to end violence against woman" तय भएको हुँदा यस नगरपालिकामा निम्न कार्यक्रमका साथ मनाउने र व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

**(क) कार्यक्रम :**

(१) २०८१/८/१० गते बिहान ७.३० बजे उद्घाटन, र्‍याली,

(२) २०८१/८/११ देखि २०८१/८/२३ सम्म विभिन्न वडाहरुमा अन्तर्क्रिया,

(३) २०८१/८/२४ गते विद्यालय स्तरीय कार्यक्रम,

(४) २०८१/८/२५ गते दिउँसो नगर सभाकक्षमा समीक्षा एवं समापन कार्यक्रम ।

**(ख) व्यवस्थापन समिति :**

| | | |
|---|---|---|
| (१) संयोजक | - श्री इन्दिरा दरै | –उपप्रमुख |
| (२) सदस्य | - श्री चन्द्रमाया परियार | – कार्यपालिका सदस्य |
| (३) सदस्य | - श्री नरीमाया राना | – कार्यपालिका सदस्य |
| (४) सदस्य | - श्री ज्ञानुमाया सुनार | – कार्यपालिका सदस्य |
| (५) सदस्य | - श्री निला घिमिरे | – कार्यपालिका सदस्य |
| (६) सदस्य | - श्री कृष्णमाया दुरा | – कार्यपालिका सदस्य |
| (७) सदस्य | - श्री सुनिता वि.क. | – महिला सदस्य वडा नं. १ |
| (८) सदस्य | - श्री सविता रसाइली | – महिला सदस्य, वडा नं. २ |
| (९) सदस्य | - श्री रफत साना मिया | – महिला सदस्य, वडा नं. २ |
| (१०) सदस्य | - श्री श्रीमाया वि.क. | – महिला सदस्य, वडा नं. ३ |
| (११) सदस्य | - श्री बिनु श्रेष्ठ | – महिला सदस्य, वडा नं. ४ |
| (१२) सदस्य | - श्री गौकुमारी न्यौपाने | – महिला सदस्य, वडा नं. ४ |
| (१३) सदस्य | - श्री राधा वि.क. | – महिला सदस्य, वडा नं. ४ |
| (१४) सदस्य | - श्री शर्मिला जमरकट्टेल | – महिला, बालबालिका उपशाखा |
| (१५) सदस्य- सचिव | - श्री राधा आचार्य | – महिला, बालबालिका तथा समाजकल्याण शाखा |

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा ३ डिसेम्बर २०२४ (मार्ग १८ गते २०८१) अन्तर्राष्ट्रिय अपाङ्गता दिवस "Amplifying the Leadership of persons with disabilities for an unclusive and sustainable Further" नाराका साथ मनाइने भएकाले आवश्यक तयारीका साथ मनाउन सामाजिक विकास समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा विभिन्न वडाहरुले प्रस्ताव गरी ४१ औं नगर सभाबाट पारित निम्न लिखित योजनाहरुलाई आगामी नगरसभाबाट अनुमोदन हुने गरी शीर्षक परिवर्तन गर्ने निर्णय गरियो ।

| सि.नं. | हालको योजनाको नाम | सि.नं. | परिवर्तित योजनाको नाम | रकम |
|---|---|---|---|---|
| (क) वडा नं.२ | | | | |
| १. | सत्यवती मा.वि. मा बास्केटवल ग्राउण्ड निर्माण | ४८०,व.कोड ४०७ | सत्यवती मा.वि. मा शौचालय निर्माण योजना | ५,००,०००। |
| २. | केराबाही आधारभूत स्वास्थ्य केन्द्रमा शौचालय निर्माण | ४८८, कोड ४१५ | केराबाही आधारभूत स्वास्थ्य केन्द्रमा कम्पाउण्ड निर्माण | ३,००,०००। |
| (ख) वडा नं.३ | | | | |
| १. | शान्ति नगरदेखि व्यास १० सम्म पद मार्ग निर्माण | ५०३, व.कोड नं. ४३० | सामाजिक विकास कार्यालयदेखि जोन होटल अगाडिसम्म स्तरोन्नति | २,१०,०००। |

| सि.नं. | हालको योजनाको नाम | सि.नं. | परिवर्तित योजनाको नाम | रकम |
|---|---|---|---|---|
| २. | विविध पूँजीगत योजना मध्येबाट | ५०५, व कोड नं. ४३२ | सामाजिक विकास कार्यालयदेखि जोन होटल अगाडिसम्म स्तरोन्नति | २,००,०००। |
| | | | जम्मा | ४,१०,०००। |

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास ३ अन्तर्गत मालपोत कार्यालय र खानेपानी कार्यालयको बीचबाट देउरालीनगर जाने बाटो विस्तार गर्दा कार्यालयको पर्खाल स्थानान्तरण गर्नुपर्ने हुँदा ल.ई. समेत गराई न.पा.ले पुन: कम्पाउण्डवाल लगाउने गरी सम्बन्धित कार्यालयहरुसँग समन्वय गर्न योजना तथा पूर्वाधार शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा विपद् शीर्षकबाट खर्च हुने गरी निम्नानुसार राहत रकम वितरण गर्ने र नियमानुसार फछ्र्यौट गर्ने निर्णय गरियो ।

| क्र.स | नामथर | वडा नं. | रकम |
|---|---|---|---|
| १. | हाइस्कुलटार टोलको पम्पिङ खानेपानी इनार | १ | ५०,०००।- |
| २. | लालबहादुर परियार | १ | १५,०००।- |
| ३. | उर्मिला आचार्य | ४ | १५,०००।- |
| ४. | चन्द्रमाया श्रेष्ठ | ५ | ३५,०००।- |
| ५. | आइतुमाया गुरुङ | ७ | ५०,०००।- |
| ६. | सुशील श्रेष्ठ | ७ | ५०,०००।- |
| ७. | कोपिला धमेल | ९ | ५,०००।- |
| ८. | नारायण खत्री खानेपानी पाइप खरिद | ९ | १२,०००।- |
| ९. | गोपालबहादुर गुरुङ | १० | २०,०००।- |
| १०. | राजेन्द्र नेपाली | ११ | ५०,०००।- |
| ११. | बिन्दुबहादुर कामी | ११ | २०,०००।- |
| १२. | रनबहादुर वि.क | ११ | १५०००।- |
| १३. | दिपक पन्थ | ११ | २०,०००।- |
| १४. | पर्तबहादुर दरै | ११ | १०,०००।- |
| १५. | भगवती भण्डारी | १२ | १०,०००।- |
| १६. | गिरीबहादुर कडेल | १२ | १२,०००।- |
| १७. | सुजन पुरी | १२ | १२,०००।- |
| १८. | रविलाल जैसी | १२ | १५,०००।- |
| १९. | कृष्णराज कैनी | १२ | २०,०००।- |
| २०. | रन्जना थापा | १२ | १५,०००।- |
| २१. | सरस्वती सुनार | १२ | ५०,०००।- |
| २२. | भवनप्रसाद पन्थ | १२ | ८,०००।- |
| २३. | तेजप्रसाद पन्थ | १२ | १०,०००।- |
| २४. | रविन्द्र तिवारी | १२ | ७,०००।- |
| २५. | राममाया थापा | १३ | ३५०००।- |
| २६. | गोरीमाया वि.क. | १३ | २५,०००।- |
| २७. | सिरिस रामदाम | १३ | २०,०००।- |

| क्र.स | नामथर | वडा नं. | रकम |
|---|---|---|---|
| २८. | श्री माया खवास | १३ | २५,०००।- |
| २९. | केसरी मगर | १३ | २०,०००।- |
| ३०. | मंगली दमै | १३ | १५,०००।- |
| ३१. | मिनबहादुर थापा | १३ | १५०००।- |
| ३२. | बाबुराम दमै | १३ | १५,०००।- |
| ३३. | इन्दिरा गौली | १३ | ५०,०००।- |
| ३४. | झमन सिं आले | १४ | १५,०००।- |
| ३५. | कालीमाया आले | १४ | १५,०००।- |
| ३६. | डुम्रे बेसी कुलुङ खानेपानी | १४ | १००,०००।- |
| ३७. | तुलबहादुर मगर | १४ | १५,०००।- |
| ३८. | सदिक्षा थापा | १४ | १५,०००।- |
| ३९. | ज्यानलाल श्रेष्ठ | १४ | १५,०००।- |
| ४०. | इन्द्रबहादुर आले | १४ | ४०,०००।- |
| ४१. | मिनराज थापा | १४ | २५,०००।- |
| ४२. | युद्धलाल थापा मगर | १४ | १५,०००।- |
| ४३. | चन्द्रबहादुर थापा | १४ | १५,०००।- |
| ४४. | ओमबहादुर थापा मगर | १४ | १५,०००।- |
| ४५. | नरबहादुर थापा | १४ | १५,०००।- |
| ४६. | अनिता थापा | १४ | १५,०००।- |
| ४७. | बलिमाया थापा | १४ | १५,०००।- |
| ४८. | श्रीमाया थापा | १४ | १५,०००।- |

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाका विभिन्न वडाहरुमा मनसुनजन्य वर्षाले क्षति भएका स्थानीय सडक एवं खोलाले क्षति भएका खेतीयोग्य जमिन तथा खानेपानीका मुहान समेत संरक्षण र सिँचाईका लागि बाँध कुलो निर्माण गर्न विपद् व्यवस्थापन सामग्री वितरण समितिद्वारा मिति २०८१/७/३० गतेको बैठकबाट वितरण गरिएको तारजाली लागत अनुसार अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा तनहुँ उद्योग वाणिज्य संघबाट प्रस्तावित २०८१ पौष २५ देखि १२ दिनका लागि वडा नं.३ को वि.पि. वनबाटिका खेलकुद मैदानमा तनहुँ महोत्सव आयोजना गर्न अनुमति माग भई आएकोमा मिति २०८१/९/२५ देखि उद्घाटन समापन समेत १० दिन कृषि एवं साँस्कृतिक क्षेत्रलाई समेत समेटी कृषि, पर्यटन तनहुँ महोत्सव सञ्चालन गर्ने प्रस्ताव जिल्ला प्रशासन कार्यालय, तनहुँमा पेश गरी नगरपालिका तर्फबाट निम्नानुसार संयोजन समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| (१) संयोजक | श्री काशीराम श्रेष्ठ | – अध्यक्ष, वडा नं. २ |
| (२) सदस्य | श्री अनुप राना | – अध्यक्ष, वडा नं. ३ |
| (३) सदस्य | श्री मनबहादुर गुरुङ्ग | – अध्यक्ष, वडा न. ४ |
| (४) सदस्य | श्री राजेन्द्र कार्की | – उद्योग, पर्यटन तथा संस्कृति प्रवर्द्धन शाखा प्रमुख |
| (५) सदस्य सचिव | डा.मनोज विश्वकर्मा | – कृषि, पशु तथा सहकारी विकास शाखा प्रमुख |

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकका अन्तर्गत विभिन्न रिक्त दरबन्दीमा करार सेवामा कर्मचारी नियुक्त गर्न निम्नानुसार पदपूर्ति समिति गठन गर्ने निर्णय गरियो ।

(१) संयोजक श्री काशी राम गैरे (प्र.प्र.अ.)
(२) सदस्य श्री गोकर्णराज वाग्ले
(३) सदस्य-सचिव श्री रामचन्द्र हड्खले (प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा प्रमुख)

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको पशुपंक्षी विकास उपशाखाबाट वितरण गर्ने पशुपंक्षीजन्य औषधी खरिदको लागि नगरपालिकामा सूचीकृत विभिन्न फर्महरुसँग ७ दिनको समय प्रदान गरी दररेट माग गरिएकोमा तोकिएको समयमा दर्ता हुन आएका विभिन्न २ फर्मका सिलबन्दी दरभाउपत्र मिति २०८१/७/२८ गते कार्यालयका प्रतिनिधिहरुको रोहवरमा मुचुल्का गरी खोलिएकोमा त्यसरी खोलिएका सिलबन्दी दरभाउपत्रहरु मध्ये नगरपालिका कार्यालयको स्वीकृत विभागीय लागत अनुमान (मु.अ. कर बाहेक) रू.९,९०,२१५। मा सबैभन्दा बढी ९.७९ प्रतिशत रकम घटी दरभाउपत्र दर्ता गराउने श्री बहुजनहित भेटेरिनरी कन्सर्न व्यास ३ दमौली तनहुँले कबोल गरेको (मु.अ.कर) रू.८,९३,२५५। अंकको न्यूनतम मूल्याङ्कन दरभाउपत्र सारभुतरुपमा प्रभावग्राही देखिएको हुँदा उक्त दरभाउपत्र स्वीकृत गरी खरिद प्रक्रिया अगाडि बढाउने सम्बन्धमा कार्यपालिका समक्ष सिफारिस भई आएकाले अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका निर्माण व्यवसायी इजाजत पत्र नियमित गर्ने कार्यविधि (सातौं संशोधन), २०८१ को दफा ६ उपदफा (५) संशोधन "'घ' वर्ग निर्माण व्यवसायी इजाजत पत्रको कन्स्ट्रक्सनको नाम परिवर्तन गर्न चाहेमा देहायको कागजातको आधारमा सामान्य नामसारी दस्तुरको दोब्बर दस्तुर लिई दफा ४ (२) बमोजिमको मूल्याङ्कन समितिबाट नाम परिवर्तन गर्न सकिनेछ"

| क.सं. | हाल भएको व्यवस्था | संशोधन गरिनुपर्ने |
|---|---|---|
| १. | (क) पर्यटन तथा उद्योग कार्यालयबाट नाम परिवर्तन गरेको कागजात<br>(ख) पुरानो फर्मको नाममा कहीं कतै दायित्व नरहेको भनी नेपाल राष्ट्र बैंक र जिल्ला प्रहरी कार्यालयको पत्र | (क) पर्यटन तथा उद्योग कार्यालयबाट नाम परिवर्तन गरेको कागजात<br>(ख) पुरानो फर्मको नाममा कहीं कतै उजुर बाजुर नपरेको भनी जिल्ला प्रहरी कार्यालयको पत्र र पुरानो फर्म कालो सूचीमा नपरेको भनी राष्ट्रिय कर्जा सूचना केन्द्रको पत्र |

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१० शिशुवा भतेरीमा गौसंरक्षण केन्द्र सञ्चालन भई कुहिने फोहोर समेत व्यवस्थापन हुँदै आएकोमा साना तथा मझौला किसान सीप विकासका लागि जैविक खेती पाठशाला सञ्चालन गर्न होली ग्रीन एग्रो फर्म शुक्लागण्डकीका सञ्चालक श्री महेन्द्रकुमार श्रेष्ठसँग परामर्श सेवा लिने निर्णय गरियो । साथै कृषि पशु तथा सहकारी विकास शाखालाई आवश्यक खर्च प्रस्ताव गरी पेश गर्न समेत निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.४ वडा कार्यालयदेखि पश्चिमतर्फ सुवर्ण मार्गदेखि दक्षिणतर्फ रहेको चिनुमाया श्रेष्ठको पक्की घर वर्षाद्को कारणले भासिन गई वरपरका घरहरु समेत क्षति पुग्ने देखिंदा प्राविधिक प्रतिवेदनका आधारमा नगरपालिकाको सहयोग समेतमा उक्त घर हटाई मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुर्स्थापना अनुदान कार्यविधि अनुसार व्यास नगरपालिकाको मिति २०७८/१०/३ को निर्णयानुसार लाभग्राही कायम गरी पठाइएकोमा हालसम्म घर निर्माण प्रकृया अघि नबढेको सो विषयमा निज चिनुमाया श्रेष्ठले ३ तले पक्की घर भत्काउँदा सोही बराबरको घर निर्माण गराई पाउँ भनी अदालतमा मुद्दा समेत दिएका कारणले ढिला हुन गएको अदालतको निर्णयबाट निजको दावी खारेज भएकाले निजको वर्षाद्को कारणले पुगेको घर पुनर्निर्माण गर्न

जिल्ला विपद् समिति तनहुँमा आवश्यक सम्पूर्ण कागजात समेत राखी लाभग्राहीले सुविधा दिन पाउने अनुरोध गर्ने निर्णय गरियो

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा वि.पि. वनबाटिकामा रहेको सार्वजनिक शौचालय उद्योग वाणिज्य संघ तनहुँद्वारा सञ्चालन हुँदै आएकोमा उक्त संस्थाले सञ्चालन गर्न असमर्थ रही नगरपालिकाले जिम्मा लिन अनुरोध भई आएकाले सोको मर्मत संहारको जिम्मा हाललाई नगरपालिकाले लिने गरी मर्मतको ल.ई. गराई पेश गर्न पूर्वाधार तथा योजना शाखालाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गत युवा परिषद् पुनर्गठनका लागि २०८१ मार्ग मसान्तसम्म नगरभित्र बसोबास गर्ने युवाहरुबाट अनलाइन दरखास्त आव्हान गर्ने गरी आवश्यक व्यवस्थापन मिलाउन नगर शिक्षा शाखालाई दिर्नेशन दिने निर्णय गरियो ।

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा विपद्जन्य कार्यमा तत्काल गर्नुपर्ने भएकोले निम्नानुसार राहत रकम उपलब्ध गराउने निर्णय गरियो ।

| सि. नं. | योजना/विपद | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | मसिनी दर्जी खानेपानी पाइप खरिद | १ | ४,३००। | ७७२ |
| २. | पूर्णकान्त नागिला, गोविन्द आले समेत ५ घर खा.पा. पाइप खरिद | १ | २६,०००। | ७७२ |
| ३. | सत्यवती मा.वि. शौचालय निर्माण | २ | ३,००,०००। | ७७३ |
| ४. | केशवटारमा आँखा शिविर व्यवस्थापन सहयोग रोटरी क्लव दमौली | २ | ५०,०००। | १०६ |
| ५. | सेतो गुँरास बाल विकास सेवा केन्द्र विज्ञापन सहयोग | २ | २०,०००। | ३७ |
| ६. | लायन्स क्लव अफ दमौली व्याड्मिन्टन प्रतियोगिता व्यवस्थापन | २ | ३०,०००। | १०१ |
| ७. | मगर भाषा प्रशिक्षण, नेपाल मगर संघ व्यास नगर समिति | ३ | २,००,०००। | १०० |
| ८. | कृष्णपुर विरता टोल बुल्दी खोला तटबन्ध | ४ | ४,५०,०००। | ८१७ |
| ९. | चारहजार बाँध परम्परागत चौतारा निर्माण | ५ | ४०,०००। | ७७० |
| १०. | जनजुक्त शाही मा.वि. फुटवल निर्माण | ५ | १,५०,०००। | ७७३ |
| ११. | पम्फा श्रेष्ठ उपचार सहयोग | ६ | २५,०००। | ४८ |
| १२. | गलेखामकोट होमस्टे मर्मत समेत | ६ | ८६,०००। | ७६९ |
| १३. | पाताल इस्लामिक उर्दु मदर्शा भवन संरक्षण | ६ | १,००,०००। | ७७१ |
| १४. | विवेक गुरुङ्ग, उपचार सहयोग | ७ | २५,०००। | ४८ |
| १५. | सोतीवेंशी सामुदायिक स्वास्थ्य स्थानान्तरण भवन मर्मत | ८ | २,००,०००। | ७७७ |
| १६. | अनन्त जेष्ठ नागरिक दिवा खाजा व्यवस्थापन | १० | १,००,०००। | ८८ |
| १७. | सर्वज्योति मा.वि. अधुरो भवन निर्माण सहयोग | १० | ३,००,०००। | ७७३ |
| १८. | बोटेनी खोल्सी कल्भर्ट बाढीले नोक्सान गरी पुनः निर्माण | १० | २,००,०००। | ७७३ |
| १९. | आँकघारी कुलो निर्माण मर्मत | ११ | २,००,०००। | ७७४ |
| २०. | घाँसीकुवा स्वास्थ्य चौकी कम्पाउण्ड वाल | १२ | २,००,०००। | ७७७ |
| २१. | राष्ट्रिय दलित पत्रकार संघ, कार्यक्रम सहयोग | १२ | ३०,०००। | ९९ |
| २२. | कार्यालय सहयोगी राजकुमार श्रेष्ठ, उपचार सहयोग | | २५,०००। | ४८ |

***